P
# जनता समाजवादी पार्टी
## People's Socialist Party

केन्द्रीय कार्यालय, काठमाडौं

मिति : २०८२।०३।२२ गते

प.सं. २०८१।०८२
च.नं. ६२

पार्टी समितिका केन्द्रीय पदाधिकारीज्यूहरु,
राजनीतिक समिति सदस्यहरु, केन्द्रीय समिति सदस्यहरु, केन्द्रीय निकायका पदाधिकारी तथा सदस्यहरु, सङ्घीय परिषद सदस्यहरु, प्रदेश समिति, राष्ट्रिय समिति, जिल्ला समिति, पालिका समिति, जनवर्गीय संगठनका केन्द्रीय समितिहरु ।

बिषय : **पार्टी परिपत्र**

जनता समाजवादी पार्टी सङ्घीय परीषद्को प्रथम बैठक मिति २०८२ असार ६ र ७ गते दुई दिन सङ्घीय परीषद्का अध्यक्ष राजेन्द्र प्रसाद श्रेष्ठको अध्यक्षतामा ललितपुरको ज्यापू प्रज्ञा भवन, च्यासलमा भव्यताका साथ सम्पन्न भयो । उक्त बैठकले गरेका निणयहरू जानकारी तथा आवश्यक कार्यार्थ यो परिपत्र जारी गरिएको छ ।

१. जनता समाजवादी पार्टी, सङ्घीय परीषद्को प्रथम वैठकको उद्‌घाटन अध्यक्ष श्रेष्ठले गर्नु भएको थियो । पार्टी जीवनमा ऐतिहासिक महत्त्व रहेको यस बैठकको उद्‌घाटन सत्रमा पार्टी केन्द्रीय समितिका अध्यक्ष अशोक कुमार राईले देशको राजनीतिक परिस्थिति र पार्टीका दायित्वको विषयमा सारगर्भित मन्तव्य दिनु भएको थियो भने सहअध्यक्ष रेणुकुमारी यादवले देशको समसामयिक परिस्थिति र पार्टी पुनर्गठनको विषयमा मन्तव्य राख्नु भएको थियो । पार्टी महासचिव मोहम्मद इस्तिहाक राईले सञ्चालन तथा कोषाध्यक्ष रञ्जुकुमारी ठाकुरले स्वागत गर्नु भएको उक्त कार्यक्रममा उपाध्यक्ष त्रय नोबल किशोर साह, परशुराम बस्नेत र सुशीला श्रेष्ठ, उपमहासचिव प्रदीप यादव र सचिव वीरेन्द्र महतोले पनि पार्टीको नीति निर्माणमा सङ्घीय परिषद्को बैठकको महत्त्व, पार्टी रूपान्तरण तथा पुनर्गठन अभियान, पार्टी निर्माणको एक वर्षको उपलब्धी, सरकारमा पाार्टीको तर्फबाट प्रतिनिधित्व गरेका मन्त्रीहरूबाट भएका सकारात्मक कामहरू आदि विषयहरूमा मन्तव्य राखेका थिए ।

२. सङ्घीय परीषद् बैठकको पहिलो दिन उदघाटन सत्रको लगतै बन्द सत्र पनि सुरु भएको थियो । बन्द सत्रमा पार्टीको केन्द्रीय अनूशासन आायोग, लेखापरीक्षण आयोग र निर्वाचन आयोगको प्रस्तावित

नामावलीलाई बैठकद्धारा अनुमोदन गर्ने निर्णय भयो । त्यसपश्चात पार्टीका पाँचवटै केन्द्रीय निकाय र सङ्घीय परिषदका मनोनित सदस्यहरूको शपथग्रहण सम्पन्न भयो । पार्टी पुनर्गठनपश्चात पहिलो पटक भएको यस बैठकले पार्टीको नीति निर्माण तथा विधान संशोधनको समेत जिम्मेवारी पूरा गरेको छ । हामीले पार्टीको एकीकरण तथा ध्रुवीकरणको क्रममा पार्टीको घोषणा-पत्र तथा अन्तरिम विधान जारी गर्ने काम गरे पनि पार्टीका नीति कार्यक्रमसम्बन्धी राजनीतिक प्रस्ताव भने पहिलो पटक यस बैठकले पारित गरेको छ । त्यसरी नै विधान संशोधनको काम पनि सङ्घीय परिषदलाई नै भएकाले पार्टी विधानमा रहेका कमी कमजोरी तथा प्राविधिक त्रुटीहरूलाई पनि यस बैठकले संशोधन गरी सुधारेको छ ।

बैठकमा सङ्घीय परीषद् अध्यक्ष राजेन्द्र प्रसाद श्रेष्ठद्वारा, समाजवादको नेपाली बाटो : सङघीय समाजवाद (पार्टी नीति तथा कार्यक्रम सम्वन्धी राजनीतिक प्रस्ताव) प्रस्तुत गर्नु भएको थियो । उक्त प्रस्तावले नेपाली समाज पुँजीवादको प्रारम्भिक चरणमा रहेको विश्लेषण गर्दै अब नेपाली क्रान्ति समाजवादको चरणमा प्रवेश गरेको उल्लेख गरिएको छ । उक्त प्रस्तावले आजको विज्ञान र प्रविधिको विकासले कृत्रिम बौद्धिकताको युगमा प्रवेश गरिहेको बेला नेपालका लागि समाजवादको मौलिक कार्यक्रम आवश्यक रहेको विश्लेषणका साथै राजनीतिक, आर्थिक, पूवार्धार विकास, सामाजिक, साँस्कृतिक, परराष्ट्रलगायत विभिन्न क्षेत्रको नीति तथा कार्यक्रम अगाडि सारेको छ ।

पार्टीले विधान संशोधनका लागि पार्टी उपाध्यक्ष रणध्वज कन्दङ्वा लिम्बूको संयोजकत्वमा उपाध्यक्ष परशुराम बस्नेत तथा कोषाध्यक्ष रञ्जुकुमारी ठाकुर रहेको ३ सदस्यीय कार्यदल गठन गरेको थियो । उक्त कार्यदलको तर्फबाट बैठकमा उपाध्यक्ष एवम् कार्यदलका संयोजक रणध्वज लिम्बूद्वारा विधान संशोधनको प्रस्ताव पेस गर्नु भएको थियो ।

उक्त दुबै प्रस्तावमाथि बैठकमा उपस्थित प्रतिनिधिहरूले ६ वटा समूहमा वृहत छलफल गरी समूहगतरूपमा सुझावहरू प्रस्तुत गर्नु भयो । ती सुझावहरूका सन्दर्भमा प्रस्तोताहरूबाट जवाफ दिएपश्चात प्राप्त सकारात्मक सुझावहरूलाई समावेश गरी सर्वसम्मतरूपमा दुबै प्रस्ताव पारित गरियो बैठकले सङ्घीय परिषद सदस्य तबरेज अहमदले प्रस्तुत गर्नु भएको समसामयिक प्रस्तावलाई सर्वसम्मतिले पास गरेको थियो । त्यसपश्चात बैठकले विधान संशोधन प्रमाणीकरणका लागि पारित विधानबमोजिम सङ्घीय परिषद् अध्यक्ष राजेन्द्र प्रसाद श्रेष्ठको संयोजकत्वमा केन्द्रीय समिति अध्यक्ष अशोक कुमार राई, सहअध्यक्ष रेणु कूमारी यादव, उपाध्यक्ष एवम कार्यदल संयोजक रणध्वज कन्दङ्वा र महासचिव मोहम्मद इस्तियाक राई रहेको ५ सदस्यीय प्रमाणिकरण समिति गठन गऱ्यो ।

बैठकको अन्त्यमा अध्यक्ष राजेन्द्र प्रसाद श्रेष्ठले सङ्घीय परिषद बैठकको समापन गर्दै यस ऐतिहासिक बैठकले पार्टीलाई वैचारिक र सङ्गठनात्मकरूपले सबल बनाउन मद्दत गर्ने बताउँदै बैठकको सफलताबाट प्राप्त उर्जालाई पार्टीको रूपान्तरण तथा पुनर्गठन अभियानका बाँकी कामहरू र पार्टी स्कूल तथा प्रशिक्षण विभागद्वारा सञ्चालन भएको प्रशिक्षण कार्यक्रमहरूलाई अभियानको रूपमा अगाडि बढाउने बताउनु भयो । उहाँले बैठकलाई उत्साहपूर्वक सम्पन्न गर्न सघाउ पुऱ्याउनुहुने सम्पूर्ण नेता, कार्यकर्ता तथा स्वयंसेवकहरूलाई धन्यवाद ज्ञापनका साथ बैठक समापन गर्नु भयो ।

३. २०८२ असार ११ गते सम्पन्न विधान संशोधन प्रमाणीकरण समितिको बैठकले विधान संशोधनको प्रमाणिकरण समेत गरिसकेको छ । प्रमाणिकरण गरिएको विधान संशोधनका बुँदाहरू यसै परिपत्रको तपसिलमा संलग्न गरिएको छ ।

तपसील

## जनता समाजवादी पार्टी
## पार्टी विधानको धारा ११२ बमोजिम विधान संशोधनको प्रमाणिकरण

| क्रस | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधनका लागी प्रस्तावित ब्यबस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | धारा ३ को परिभाषाको उपधारा १४ मा | "पदाधिकारी" भन्नाले यस विधान वमोजिम निर्वाचित वा गठन हुने समितिका अध्यक्ष,वरिष्ठ नेता, सहअध्यक्ष, संयोजक, सहसंयोजक, उपाध्यक्ष, महासचिव, उपमहासचिव मुख्यसचिव,सचिव, कोषाध्यक्ष, उपसचिव तथा सल्लाहाकार समिति र आयोगका पदाधिकारीलाई समेत सम्झनुपर्छ । | "पदाधिकारी" भन्नाले यस विधान वमोजिम निर्वाचित वा गठन हुने समितिका सङ्घीय परिषद अध्यक्ष, तहगत समितिका अध्यक्ष, वरिष्ठ नेता, सहअध्यक्ष, संयोजक, सहसंयोजक, उपाध्यक्ष, महासचिव, उपमहासचिव, मुख्यसचिव, सचिव, कोषाध्यक्ष, उपसचिव तथा सल्लाहाकार समिति र आयोगका पदाधिकारीलाई समेत सम्झनुपर्छ । | साविकमा छुटेकोले थप गर्नु पर्ने । |
| २ | धारा ३ को परिभाषाको उपधारा २६ | "समानुपातिक समावेशी" भन्नाले जातीय, सामुदायीक र लैङ्गिक जनसंख्याको आधारमा प्रतिनिधित्व गरिने मान्यतालाई सम्झनु पर्दछ । | "समानुपातिक समावेशी" भन्नाले जातीय, सामुदायीक र लैङ्गिक जनसंख्याको आधारमा प्रतिनिधित्व गरिने मान्यतालाई आत्मसात गरि उपलब्ध भएसम्म सबै क्लष्टरहरूलाई समावेश गरि तहगत पार्टी समिति निर्माण गर्ने बिधि सम्झनु पर्दछ । | प्रष्ट परिभाषित गर्नुपर्ने |
| ३ | धारा ३ को परिभाषाको उपधारा २८ मा | "समिति" भन्नाले पार्टीको केन्द्र,प्रदेश,प्रादेशिक संरचना, जिल्ला,पालिका, वडालगायतका समितिलाई सम्झनुपर्छ र यस शब्दले पार्टीको विभिन्न समितिलाई समेत जनाउछ । | "समिति" भन्नाले पार्टीको केन्द्र, प्रदेश, प्रादेशिक संरचना, पहिचानको राष्ट्रिय समिति, जिल्ला, पालिका,वडालगायतका समितिलाई सम्झनुपर्छ र यस शब्दले पार्टीको विभिन्न समितिलाई समेत जनाउछ । | साविकमा छुटेकोले थप गर्नु पर्ने । |
| ४ | धारा १७ को उपधारा ३ | ६ नम्बर पछि थप गर्ने । | ७. प्रचलित कानुनबमोजिम अयोग्य ठहर भएको । | थप गर्नुपर्ने भएको । |
| ५ | धारा १८ को उपधारा २ | सदस्यता समाप्ति, देहायको अबस्थामा कुनै ब्यक्तिको पार्टीको सदस्यता कायम रहने छैन । | देहायको अबस्थामा पार्टीको सदस्यता समाप्त हुनेछ । धारा १८ का उपधारा २ को खण्ड ञ हटाउने | बाक्यांश संशोधन गर्नु पर्ने |

| | | | | |
|---|---|---|---|---|
| ६ | धारा २३ को उपधारा | उपधारा २को ५औं हरपमा.... तर पार्टी **'काम'** विस्तारका लागि .... | **'काम'** शब्दलाई हटाउने | आवश्यक नभएकाले |
| ७ | धारा २६ को उपधारा ३ | परिषदमा देहाय बमोजिमका पदेन तथा मनोनित सदस्यहरू रहनेछन् ... | परिषदमा देहाय बमोजिमका पदेन तथा मनोनित गरी बढीमा ७०१ जना सदस्यहरू रहनेछन् । | संघीय परिषदको सदस्य संख्या तोक्नुपर्ने भएकाले |
| ८ | धारा २७ को सङ्घीय परिषदको काम कर्तब्य र अधिकार | सङ्घीय परिषदका अध्यक्ष तथा केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा परिक्षण आयोग र केन्द्रीय निर्वाचन आयोगका पदाधिकारी र सदस्यहरूको यसै विधानको धारा ८५ को उप धारा ९ वमोजिम गर्ने । | सङ्घिय परिषदका अध्यक्ष तथा केन्द्रीय अनुशासन आयोग,केन्द्रिय लेखा परिक्षण आयोग र केन्द्रिय निर्वाचन आयोगका पदाधिकारी र सदस्यहरूको निर्वाचन यसै विधानको धारा ८४ को उप धारा ९ वमोजिम गर्ने...। | धारा फरक परेकोले संशोधन गर्नु पर्ने |
| ९ | धारा २८ केन्द्रीय समिति उपधारा २ | उपधारा २ राष्ट्रिय महाधिवेशनले अध्यक्ष १, सहअध्यक्ष १, उपाध्यक्ष४, महासचिव१, उपमहासचिव२, सचिव ७ र कोषाध्यक्ष १ समेत १५१ सदस्यीय केन्द्रीय समिति निर्वाचन गर्नेछ । पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्दा ३ जना निर्वातित हुने पदहरूमा १ जना महिलासहित सामाजिक समुहहरूको समावेशी हुनुपर्ने छ । सचिवमा समावेशी समुह अनुसार पतिनिधित्व गराईने छ । | उपधारा २ राष्ट्रिय महाधिवेशनले अध्यक्ष १, सहअध्यक्ष १, उपाध्यक्ष ४, महासचिव१, उपमहासचिव २, सचिव ७ र कोषाध्यक्ष १ समेत २५१ सदस्यीय केन्द्रीय समिति निर्वाचन गर्नेछ । पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्दा ३ जन निर्वाचित हुने पदहरूमा १ जना महिलासहित सामाजिक समुहहरूको समावेशी हुनुपर्ने छ । सचिवमा समावेशी समुह अनुसार प्रतिनिधित्व गराईने छ । | संशोधन गर्नु पर्ने भएकाले |
| १० | धारा ३२ केन्द्रीय सल्लाहकार समिति | धारा ३२ केन्द्रीय सल्लाहकार समिति | धारा ३२ लाई ३४ बनाउने | धारा नम्बर सच्याइएको |
| ११ | धारा ६० | साविकमा व्यवस्था छैन | उपधारा ६ थप्ने उपधारा १, २, ३, ४, र ५ अनुसार गठन हुने जिल्ला समन्वय समितिहरू, राष्ट्रिय समिति भएको प्रदेशमा राष्ट्रिय समितिसंग आवश्यक सुझाव लिई प्रदेश समितिले तथा | जिल्ला समन्वय समिति गठन गर्ने अधिकार प्रष्ट पार्नुपर्ने भएकाले |

| | | | | |
|---|---|---|---|---|
| | | | राष्ट्रिय समिति नभएको प्रदेशमा प्रदेश समितिले गठन गर्ने | |
| १२ | धारा ८८ | सपथ ग्रहण सम्बन्धि व्यवस्थाका उपधाराहरू सबैमा १, १ भएको | सबै उपधाराहरूलाई १, २, ३, ४ भनी क्रम मिलाउने | सच्याउनु परेकोले |
| १३ | धारा ९० उपधारा ३ | उपधारा ३को (क)मा...... ६ महिना भित्र सम्बन्धित समितिले विशेष अधिवेशन .... | उपधारा ३को (क)मा...... ३ महिना भित्र सम्बन्धित समितिले विशेष अधिवेशन आयोजना गर्नुपर्ने छ । | समय अधिक लामो भएकाले छोट्याउनुपर्ने |
| १४ | धारा १०२ अविश्वासको प्रस्ताव उपधारा २ र ४मा | २मा ..... उक्त प्रस्ताव ६० दिनभित्र सम्बन्धित तहको ..... र ४मा सम्बन्धित तहको समितिले ६० दिनभित्र ..... | उपधारा २मा ..... ३० दिनभित्र ..... र उपधारा ४मा ..... ३० दिनभित्र ..... पेश गर्नुपर्ने छ । | अवधि घटाउनुपर्ने भएकाले |
| १५ | धारा १०२ अविश्वासको प्रस्ताव उपधारा ५ | उपधारा ४ वमोजिम ...........आफ्नो पदवाट मुक्त हुनेछ । पदमुक्त भएपछी यस विधान वमोजिम अर्को ब्यबस्था नभए सम्मका लागी कार्यबाहक चयन वा पदपूर्ति गर्ने छ । | उपधारा ४ वमोजिम.........पदवाट मुक्त हुनेछ । पदमुक्त भएपछी यस विधान वमोजिम अर्को ब्यबस्था नभए सम्मका लागी सम्बन्धित समितिले कार्यबाहक चयन वा पदपूर्ति गर्ने छ । | संशोधन थप गर्नु पर्ने |
| १६ | धारा १०२ अविश्वासको प्रस्ताव उपधारा ६ | अविश्वास प्रस्तावबाट पदमुक्त भएका अध्यक्ष वा पदाधिकारीहरूले आगामी महाधिवेशन समक्ष अपिल गर्न सक्नेछन । महाधिवेशनले सो अपिलमाथि सुनवाई गरी निर्णय दिएपछि मात्र अरू विषयमा प्रवेश गर्ने छ । | अविश्वास प्रस्तावबाट पदमुक्त भएका अध्यक्ष वा पदाधिकारीहरूले आगामी सम्वन्धित तहको महाधिवेशन वा अधिवेशन समक्ष अपिल गर्न सक्नेछन् । महाधिवेशन वा अधिवेशन सो अपिलमाथि सुनवाई गरी निर्णय दिएपछि मात्र अरू विषयमा प्रवेश गर्ने छ । | संशोधन थप गर्नु पर्ने |
| १७ | धारा १०३ राजिनामा | उपधारा ५ नभएको..... | उपधारा ५ मा संङ्घीय परिषद अध्यक्ष को हकमा केन्द्रीय अध्यक्षमार्फत राजिनामा दिनु पर्ने छ । उक्त राजिनामा संङ्घीय परिषदले स्वीकृत गरेपछि लागु हुनेछ । | संशोधन थप गर्नु पर्ने उपधारा ५ |
| १८ | धारा ११२ को उपधारा २ | संशोधित विधान संघीय परिषदको अध्यक्ष केन्द्रीय समितिको अध्यक्ष र | संशोधित विधान संघीय परिषदको अध्यक्षको संयोजकत्वमा, केन्द्रीय समितिको अध्यक्ष, कार्यदलको संयोजक गरी | प्रमाणीकरण समितिलाई प्रष्ट र समावेशी बनाउनुपर्ने भएकाले |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यदलको संयोजक रहेको ३ सदस्यीय प्रमाणीकरण ... | ५ सदस्यीय प्रमाणीकरण समितिले २१ दिन भित्र प्रमाणित गर्नेछ । | |
| १९ | धारा ११२ को उपधारा ४ थप्ने | उपधारा ३ पछि ४ थप्ने | कुनै कारणवश प्रमाणीकरण हुन नसके बैठकले पारित गरेको संशोधन स्वतः लागू हुनेछ । | विकल्प दिनुपर्ने भएकाले |
| २० | धारा ११६ सङ्घीय संसदीय दल उपधारा १ | विजय भएका..... | निर्वाचित भएका.. | संशोधन गर्नु पर्ने |
| २१ | धारा ११७ को उपधारा १ | .... प्रदेश सभा सदस्य समावेशी भएको प्रदेशसभा संसदीय दल हुनेछ । | उपधारा १ को तेश्रो हरफको समावेशी शब्द हटाउने | आवश्यक नभएको |
| २२ | धारा ११८ संसदीय बोर्ड उपधारा १(क) | धारा ११८ उपधारा १ मा खण्ड क ,ख,ग रहेको ..... | क्रम मिलाई खण्ड ख लाई क र खण्ड ग लाई ख मा राखि खण्ड क लाई ग मा राख्नु पर्ने । | क्रम मिलाउनु पर्ने |
| २३ | धारा ११९ संसदीय बोर्डको काम कर्तब्य र अधिकार | धारा ११९ उपधारा ५ मा थप गर्ने ..... | उपधारा ५ मा महानगरका प्रमुख र उपप्रमुख भन्ने वाक्यांस् पछि जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखको उम्मेदवार भन्ने वाक्यांस् थप्ने । | जिल्ला समन्वय समिति प्रमुख र उपप्रमुखकको उम्मेद्वार चयन गर्ने अधिकार प्रष्ट पार्नुपर्ने भएकाले |
| २४ | धारा १२७ को उपधारा २ | धारा १२७ को उपधारा २ को तेस्रो हरफमा जनता समाजवादी पार्टीपछि नेपाल शब्द परेको । | जनता समाजवादी पार्टीपछिको “नेपाल” शब्दलाई हटाउने | पार्टीको नाम सच्याउनु परेकाले । |
| २५ | धारा १३२ विस्तारित बैठक उपधारा २ | विस्तारित बैठकमा केन्द्रीय समितिले प्रदेश अध्यक्ष....... अध्यक्षलाई आमन्त्रीत गर्नु पर्ने छ । | उपधारा २ प्रदेश समितिको अध्यक्ष, पहिचानको राष्ट्रिय समिति... .. जनबर्गिय....... सबैमा समिति लेख्ने । | राष्ट्रिय समिति थप गर्नुपर्ने |
| २६ | पार्टी स्थापना दिवस | मिति २०८१ बैशाख २३ गते<br>सन २०२४ मे ५ नेपाल सम्बत ११४४ चौलगा १२ | मिति २०८१ बैशाख २४ गते सन २०२४ मे ६ नेपाल सम्बत ११४४ चौलगा १३ | जनता समाजवादी पार्टी दर्ता भएको दिन (गते) |
| २७ | अनुसूचि १ धारा ६ संग सम्बन्धित पार्टीको छाप | सम्बत : २०७७ | सम्बत : २०८१ | जनता समाजवादी पार्टी दर्ता भएको दिन |

| | | | | |
|---|---|---|---|---|
| २८ | अनुसूचि ४ धारा ८ संग सम्बन्धित | पार्टीको लोगो चिन्ह..........यस प्रकार हुनेछ । | पार्टीको लोगोमा “अंकित मुट्ठी” चिन्ह, चुनाव चिन्ह जस्तै बनाउने । | चुनाव चिन्हको मुट्ठी र लोगोको मुट्ठीमा एकरूपता गर्ने |
| २९ | अनुसूचि ५ धारा १३ उपधारा २ संग सम्बन्धित | आधारभुत सदस्यता आवेदन फारम | सदस्यता पत्र | संशोधन गर्नु पर्ने भएकाले |
| ३० | धारा ४२ प्रदेश समिति उपधारा ३ | उपधारा ३ मा समेत बढीमा ५१ केन्द्रीय समिति..... | उपधारा ३ मा समेत बढमिा ६७ जना प्रदेश समिति | सदस्य संख्या बढाउनुपर्ने भएकाले |
| ३१ | धारा ५४ राष्ट्रिय समितिको अधिवेशन उपधारा ३ | उपधारा ३ मा.....सहित ३९ केन्द्रीय समिति..... | उपधारा ३ मा.....सहित ४५ जना राष्ट्रिय समिति..... | सदस्य संख्या बढाउनुपर्ने भएकाले |
| ३२ | अनुसूची ८ | सदस्यता प्राप्त मितिको कोलमपछि एउटा कोलम थप्ने । | संगठित रहेको समिति थप्ने । | संगठित सदस्यको अभिलेख दुरूस्त राख्नुपर्ने भएकाले |

हार्दिक अभिवादन ।

मा. अशोक कुमार राई
अध्यक्ष
जनता समाजवादी पार्टी

मितिः २०८२ असार २२ गते
ने.सं. ११४५ दिल्लाथ्व ११